# भाग ५

## नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको

### सूचना १

### मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय विकास समिति (गठन) आदेश, २०६७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस आदेशको नाम "मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय विकास समिति (गठन) आदेश, २०६७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "चिकित्सालय" भन्नाले मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय सम्झनु पर्छ ।

(ग) "चिकित्सालय प्रमुख" भन्नाले दफा ६ बमोजिमको चिकित्सालय प्रमुख सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय विकास समिति सम्झनु पर्छ ।

३. समितिको गठन :

(१) आयुर्वेदिक चिकित्सा प्रणालीद्वारा सर्वसाधारण जनताको स्वास्थ्य उपचार गराउने कार्य समेतको लागि मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय विकास समिति नामको एक समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-



१०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कम्तिमा स्नातक उत्तीर्ण गरेको लब्धप्रतिष्ठित समाजसेवीहरु मध्येवाटनेपाल सरकारले मनोनयन गरेको व्यक्ती -अध्यक्ष

(ख) राप्ती अंचल अस्पतालको मेडिकल सुपरिटेण्डेण्ड, - सदस्य

(ग) जिल्ला विकास समिति दाङ्गको सभापति वा निजले तोकेको जिल्ला विकास समितिको प्रतिनिधि - सदस्य

(घ) अध्यक्ष, विजौरी गाउँ विकास समिति, विजौरी, दाङ्ग - सदस्य

(ङ) स्थानीय व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनयन गरेको एकजना - सदस्य

(च) चिकित्सालयका कर्मचारीहरुमध्येबाट समितिले मनोनयन गरेको एकजना - सदस्य

(छ) चिकित्सालय प्रमुख - सदस्य सचिव

(३) अध्यक्ष तथा उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) चिकित्सालयका कार्यक्रमहरु स्वीकृत गर्ने, कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) समितिको वार्षिक बजेट र कार्यक्रमहरु स्वीकृत गर्ने,

(ग) चिकित्सालयबाट प्रदान गरिने सेवाको संचालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने श्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

(घ) बहिरङ्ग तथा अन्तरङ्ग चिकित्सा सेवा, प्रयोगशाला तथा अन्य सेवा वापत लाग्ने शुल्क निर्धारण गर्ने,

(ङ) आर्थिक दृष्टिले असक्षम मानिएका बिरामीको लागि नि:शुल्क उपचारको व्यवस्था गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,

५. समितिको बैठक र निर्णय :

(१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा कम्तिमा २/२ महिनामा बस्नेछ ।

(३) समितिको बैठक हुनु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा सम्बन्धित विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता नेपाल सरकारको मापदण्ड अनुसार हुनेछ । अध्यक्षको सुविधाको हकमा निजलाई बैठक भत्ता मात्र प्रदान गर्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. चिकित्सालय प्रमुख :

(१) समितिको प्रशासकीय प्रमुखको रुपमा चिकित्सालयको मेडिकल सुपरिटेण्डेण्डले काम गर्नेछ ।

(२) चिकित्सालयको प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नेपाल सरकारबाट स्वीकृत भए बमोजिमका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) समितिले स्वीकृत गरेको वार्षिक बजेट र कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) चिकित्सालयको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार खडा गर्ने, गराउने,

(घ) समितिका कर्मचारीको क्षमता अभिवृद्धिको लागि विभिन्न किसिमका तालीम सञ्चालन गर्ने गराउने,

(ङ) समितिको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने गराउने ।

कर्मचारी सम्बन्धी व्यवस्था :

(१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) यो आदेश प्रारम्भ हुंदाका बखत मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेदिक चिकित्सालयमा कार्यरत कमचारीहरुलाई नेपाल सरकारले समितिमा काम गर्ने गरी खटाउनेछ ।

(३) समितिलाई कर्मचारी अपर्याप्त भएमा समितिको आफ्नै स्रोतबाट व्यहोर्ने गरी नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई समितिले खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्न सक्नेछ ।

(४) उपदफा (३) र (४) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

तर त्यस्ता पारिश्रमिक र सुविधा नेपाल सरकारको सम्बन्धित तहको कर्मचारीले पाएको पारिश्रमिक र सुविधाभन्दा बढी हुने छैन ।

(५) समितिमा कार्यरत नेपाल सरकारका कर्मचारीको सेवा, शर्त र सुविधा सेवाका शर्त सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(६) समितिका कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

८. समितिको कोष :

(१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) चिकित्सालयले प्रदान गरेको सेवा तथा सुविधा वापत प्राप्त रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।